अनुसूची-१

(परिच्छेद ४ को दफा ४.१.९.१ (क), ४.२.९.२ (ग), ४.३.११ (क) र ४.४.११ (क) सँग सम्बन्धित)

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय,
**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,**
**प्रदेश नं.१, पाँचथर**
(कार्यक्षेत्र : पाँचथर र ताप्लेजुङ्ग)

फोन/फ्याक्स नं./इमेल/वेब
०२४-५२२१२७/०२४-५२२४६९
vhlspanchthar@gmail.com
web-vhlecpanchthar.p1.gov.np

प.सं.(प्रा.)०७८/०७९
च.नं.:-

**मितिः- २०७८/०९/२९**

## प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना (बाख्रा ब्लक विकास) कार्यक्रम सञ्चालनको लागि आवेदन पेश गर्ने सम्बन्धि सूचना

**सूचना नं. ३-०७८/०७९**

**सूचना प्रकाशन मितिः २०७८/०९/२९**

आ.व.०७८/०७९ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना बाख्रा ब्लक विकास कार्यक्रम भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पाँचथर र सम्पर्क केन्द्र ताप्लेजुङ अन्तर्गत तपसिलका क्षेत्रहरुमा निम्न कार्यक्रमहरु सञ्चालन गर्नु पर्ने भएकोले इच्छुक कृषि समूह/सहकारी/जल/वन उपभोक्ता समिति/कृषि/पशु फर्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५औं दिनभित्र अर्थात (मिति २०७८/१०/१३ गते भित्र) यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पाँचथर/सम्पर्क केन्द्र ताप्लेजुङमा तोकिएको ढाँचा (अनुसूची-१०) अनुसार आवेदन दर्ता गर्नु हुन सम्बन्धित सवैमा जानकारी गराइन्छ । साथै यस बिषयमा थप जानकारीको लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र पाँचथर(९८५२६६०१२७)/सम्पर्क केन्द्र ताप्लेजुङ (९८५२६६०१७६) मा सम्पर्क गर्न सकिनेछ ।

सूचना, कार्यक्रम कार्यान्वयन म्यानुअल (अनुसूची १०) समेत vhlecpanchthar.p1.gov.np वेवसाइटबाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

क) <u>बाख्रा ब्लक विकास कार्यक्रम सञ्चालनका कार्यक्षेत्रः पाँचथर जिल्लाको लागि</u> याङवरक गाउँपालिका वडा नं.४,५,६

ख) <u>बाख्रा ब्लक विकास कार्यक्रम सञ्चालनका कार्यक्षेत्रः ताप्लेजुङ जिल्लाको लागि</u> पाथिभरा याङवरक गाउँपालिका वडा नं.३ तिरिङे ।

ग) भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं.१ बिराटनगरको च.नं.१२६ मिति २०७८/०९/२३ को कार्यक्रम सञ्चालनको लागि स्वीकृत भएको क्षेत्रबाट मात्र आवेदन दिन सकिनेछ (पाँचथरः याङवरक गाउँपालिका वडा नं. ४,५,६ र ताप्लेजुङः पाथिभरा याङवरक गाउँपालिका वडा नं.३ क्षेत्र)

घ) कार्यक्रमहरुः प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यान्वयन म्यानुअलको दफा ४.२.९.२ (ग) तालिका ४ अनुसारका कृयाकलापहरु ।

<u>निवेदनसाथ पेश गर्नु पर्ने कागजातहरुः</u>

(१) सम्बन्धित निकायमा कृषि समूह/सहकारी/संस्था/समिति/कृषि फर्म दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी

(२) कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ बर्षको संझौतानामा

(३) निवेदकको नागरिकता वा परिचय पत्र खुल्ने प्रमाणपत्रको प्रतिलिपी ।

(४) कार्य समितिको निर्णयको प्रतिलिपी

निरज कुमार भट्टराई
(अधिकृत)
निरज कुमार भट्टराई
निमित्त कार्यालय प्रमुख